कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
गमगढी, मुगु

०८७-४६००८७
csidbmugu@gmail.com

प.सं. २०८०/०८१

मिति:- २०८१/०१/०९ गते
ने.सं. ११४४ चौलाथ्व १३ आईतवार

## मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालन सम्वन्धी सुचना
## प्रथम पटक प्रकाशित मिति २०८१/०१/०९

कर्णाली प्रदेश सरकाले गरिब, बेरोजगार तथा विपन्न दलितको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकरण गर्दै आयआर्जन क्षमता विकास गर्न देहाएका कार्यक्रम सञ्चालन गर्न लागेको हुदा कार्यक्रममा सहभागि हुन चाहाने मुगु जिल्ला भित्रका इच्छुक दलित, दलित समुदाय तथा बित्तीय पहुच सेवा दिन इच्छुक दलित सहकारी संस्थाले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाए बमोजिमका कागजात संलग्न राखि यस कार्यालयमा कार्यालय समय भित्र आवेदन दिनहुन मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली २०८० को नियम ८ को उपनियम (२) बमोजिम यो सुचना प्रकासन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | विनियोजन बजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | सीप विकास तालिम कार्यक्रम | ४,००,०००/- | कुल वजेटको २०% |
| २. | सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रम | ७,००,०००/- | कुल वजेटको ३५% |
| ३. | वित्तीय पँहुच सहयोग कार्यक्रम | ९,००,०००/- | कुल वजेटको ४५% |
| | कुल जम्मा रकम रु | २०,००,०००/- | १००% |

<u>सिप विकास कार्यक्रमका विषयहरु</u>

आधारभुत कम्प्यूटर सम्वन्धित तालिम र एड्भान्स सिलाई कटाई सम्वन्धित तालिम ।

<u>आवश्यक कागजातहरु</u>

१. सीप विकास तालिम कार्यक्रमको लागी आवश्यक कागजात।
   - क. नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र।
   - ख. सम्वन्धित निर्वाचन क्षेत्रभित्र कम्तिमा ६ महिना अगाडी वसो वास गरेको, समान प्रकृतिको कार्यक्रम बाट लाभ प्रास नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेसा गर्दै आएको स्थानिय तहको सिफारिस।
   - ग. नियमावलीको अनुसुची ३ बमोजिमको आवेदन फारम।
   - घ. सीप विकास तालिम कार्यकमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आयआर्जन व्यवसायमा संलग्न हुने कबुलियतनामा।
   - ङ. सम्बन्धित वडाको सिफारिस पत्र।

..................
हरि बहादुर वली
कार्यालय प्रमुख

## २. सामग्री तथा पुर्वाधार सहयोग कार्यक्रमको लागि आवश्यक कागजात।

क. नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र।

ख. सम्वन्धित निर्वाचन क्षेत्रभित्र कम्तिमा ६ महिना अगाडी बसो बास गरेको, समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेसा गर्दै आएको सम्वन्धीत स्थानिय तहको सिफारिस।

ग. नियमावलीको अनुसुचि १ बमोजिम व्यवसायक योजना लागत साझेदारी प्रस्ताव व्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता को प्रमाणपत्रको प्रतिलिपी।

घ. नियमावलीको अनुसुची ३ बमोजिम आवेदन ।

ङ. पेशा, व्यवसायलाई आधुनिकरण गर्न आवश्यक मेशिन उपकरण वा पुर्वाधार निर्माणको व्यवसाय प्रस्ताव।

च. दलितलाई सङ्गठित गरी सामुहिक रुपमा उत्पादन तथा आयआर्जनका क्रियाकलाप व्यवस्थित रुपमा संचालन गर्ने आवश्यक पुर्वधार निर्माण सम्वन्धी आयोजना प्रस्ताव।

छ. सिप अविवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहाने लाभग्राहीले आवश्यक सामाग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागी आयोजना प्रस्ताव।

ज. लाभग्राहीलाई सङ्गठित गरी सामुहिकस्तरमा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने सहयोग पुग्ने सहकारी साझेदारी उद्योग वा व्यवसाय सम्वन्धी साझेदारीयुक्त लागत प्रस्ताव।

झ. समुहगत लाभग्राहीको हकमा प्रत्यक समुहमा फरकफरक घर परिवारका कम्तिमा १५ जना लाभग्राही समेटिएको समुहको निर्णयको प्रतिलिपी र सदस्यको नामावली।

ञ. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता।

ट. अन्य विभिन्न क्षेत्र वाट अनुदान प्राप्त नगरेको सम्वन्धमा स्वघोषणा पत्र।

ठ. कुनै सरकारी तथा गैर सरकारी निकाय वाट प्रचलीत कानुन बमोजिम कालो सुचीमा नपरेको स्वघोषणा पत्र।

**ड. दलित व्यक्ति वा फर्म र दलित संस्थाले मात्र आवेदन पेश गर्ने।**

## ३. वित्तिय पहुँच सहयोग कार्यक्रमका लागी आवश्यक कागजात।

क. सहकारी संस्थाको संस्था दर्ता को प्रमाण पत्र, विनियम, पछिल्लो लेखापरिक्षण प्रतिवेदन, करचुक्ता प्रमाणपत्र र संस्थाको विधानको प्रतिलिपी।

ख. नियमावलीको अनुसुचि १ बमोजिमको व्यवसायीक योजना र अनुसुची ४ बमोजिमको प्रत्तिवद्धता पत्र।

ग. सहकारी संस्थाको साधारण सभा वा संचालक समिति वाट विउपुँजी रकम प्राप्त गरी आयआर्जन कार्यक्रममा अधिकतम् परिचालन गर्ने व्येहोराको निर्णयको प्रतिलिपी।

घ. सहकारी संस्थाको कार्यक्षत्र, वित्तिय क्षमता, शेयर सदस्य संख्या र संगठनात्मक संरचनाक विवरण खुलेको कागजात।

ङ. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिवद्धता पत्र ।

च. अन्य विभिन्न क्षेत्र वाट अनुदान प्राप्त नगरेको सम्वन्धमा स्वघोषणा पत्र ।

छ. कुनै सरकारी तथा गैर सरकारी निकाय वाट प्रचलीत कानुन बमोजिम कालो सुचीमा नपरेको स्वघोषणा पत्र।

**ज. वित्तीय पहुच सेवा दिन इच्छुक दलित सहकारी संस्थाले मात्र आवेदन पेश गर्ने।**

नोट: *थप जानकारीका लागि फोन ०८७४६००८७ मा सम्पर्क गर्नु होला।*

६९/८

हरि बहादुर वली
कार्यालय प्रमुख
कार्यालय प्रमुख